
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ६ गते मंगलबार ❑ 19 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## महरालाई चार दिन हिरासतमा राखिने

**रासस**
काठमाडौं, ५ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष, पूर्वसभामुख कृष्णबहादुर महरामाथि अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले चार दिनको म्याद पाएको छ ।

काठमाडौँ जिल्ला अदालतले सुन प्रकरणको अनुसन्धान गरिरहेको सिआइबीलाई आज नेता महरामाथि अनुसन्धान गर्न चार दिनको म्याद दिएको हो । म्याद थपका लागि उहाँलाई सोमबार जिल्ला अदालतमा पेश गरिएको थियो । ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले म्याद थप भएसँगै थप अनुसन्धानका काम अघि बढाइएको राससलाई जानकारी दिनुभयो । यसअघि सुन प्रकरणमा अनुसन्धान गरेको सिआइबीले महरालाई बयान कागज गराएर छाडेको थियो । नेता महरालाई कपिलवस्तुबाट विहान नियन्त्रणमा लिएर काठमाडौँ ल्याइएको थियो । उच्च अदालतका पूर्वन्यायाधीश



डिल्लीराज आचार्यको संयोजकत्वमा गठित सुनको अवैध तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले पूर्वसभामुख महरामाथि छानबिन गर्न सिफारिस गरेसँगै थप अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको हो ।

उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले सुन तस्करी प्रकरणमा मुछिएका र जाँचबुझ आयोगले कारबाहीको सिफारिस गरेका सबैमाथि अनुसन्धान प्रक्रिया अगाडि बढाउन प्रहरीलाई आइतबार नै निर्देशन दिनुभएको थियो । गत साउन २ मा 'ब्रेक सु'मा लुकाएर ल्याइएको ६१ किलो सुन र २०७९ साल पुसमा विद्युतीय चुरोट (भेप)मा लुकाएर ल्याइएको नौ किलो सुन तस्करीमा संलग्न चिनियाँ नागरिकसँग पूर्वसभामुख तथा माओवादी केन्द्रका उपाध्यक्ष महराको नाम जोडिएको थियो । उक्त प्रकरणमा उहाँका छोरा राहुल र पूर्वउपराष्ट्रपतिका छोरा दीपेश पुन यसअघि नै पक्राउ परिसकेका छन् । यसअघि उक्त प्रकरणको अनुसन्धानमा त्रुटी भएको सुनको अबैध तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले औँल्याएपछि तत्कालिन सिआइबी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यलाई केही अघिको मन्त्रिपरिषद्को निर्णयले प्रहरी मुख्यालयमा सरुवा गरिसकिएको छ । त्यहाँ प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवालीलाई पठाइएको छ । तत्कालीन समयमा सुन प्रकरणको अनुसन्धान टोली संयोजक प्रहरी उपरीक्षक सञ्जयसिंह थापा तथा प्रहरी नायव उपरीक्षकद्वय रुगम कुँवर र दुर्गा दाहाललाई हेडक्वाटर तानिएको छ । उक्त प्रकरणमा अहिले सिआइबीका नयाँ प्रहरी टोलीले अनुसन्धान गर्दैछन् । मन्त्रिपरिषद्ले उक्त आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय पनि गरिसकेको छ । सोही आधारमा प्रहरीले अनुसन्धान तीव्र पारेको छ । गत साउन २ मा 'ब्रेक सु'मा लुकाएर ल्याइएको ६१ किलो सुन र २०७९ पुसमा विद्युतीय चुरोट (भेप)मा ल्याइएको नौ किलो सुन तस्करीमा सङ्लग्न चिनिया नागरिकसँग नाम जोडिएका केही व्यक्तिलाई त्यसबेला सिआइबीले बयान कागज गरेर मात्रै छाडेको थियो । त्यसमध्ये महरा पनि एक हुनुहुन्थ्यो ।

## निसीखोला बस दुर्घटनामा मृतकको संख्या आठ पुग्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

बागलुङको निसीखोला गाउँपालिका-६ स्थित जाउलेपानीमा बस दुर्घटनामा आठजनाको मृत्यु भएको छ ।

घाइतेमध्ये २२ जनाको अवस्था गम्भीर रहेको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक राजकुमार विकले जानकारी दिनुभयो । उहाँका अनुसार मृत्यु हुनेमा चार पुरुष र एक नाबालिकासहित चार महिला रहेका छन् ।

मृतक कसैको पनि सनाखत नभएको विकको भनाइ छ ।बागलुङको निसीखोला दुर्घटनामा परी घाइते भएका २५ जनालाई धौलागिरि अस्पताल बागलुङमा पठाइएको छ । पूर्वी



रुकुमदेखि काठमाडौँका लागि छुटेको बागमती प्रदेश ०१-००६ ख ३८७९ नम्बरको बस आज साँझ सवा ५ बजे बागलुङको निसीखोला गाउँपालिका-६ जाउलेपानीस्थित मध्यपहाडी लोकमार्गमा दुर्घटना भएको थियो । बुर्तिबाङमा सबै घाइतेको उपचार सम्भव नभएपछि धौलागिरि अस्पताल बागलुङमा पठाइएको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा नविन्द्र ढकालले जानकारी दिनुभयो । घाइतेलाई एम्बुलेन्स तथा गाडी व्यवस्थापन गरी बागलुङ पठाएको उहाँको भनाइ छ ।

बस सडकदेखि एक सय ५० मिटर तल खसेको छ । प्रहरी निरीक्षक विकका अनुसार सातजनाको घटनास्थलमै मृत्यु भएको र एकजनाको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको उहाँले जानकारी दिनुभयो ।

मृत्यु हुने अधिकांश रुकुमका रहेको हुँदा घटनास्थलमै मृत्यु भएका सातजनाको शव सङ्कलन गरी रुकुम पठाइएको उहाँको भनाइ छ । बाटोमा मृत्यु भएकामध्ये एकजनाको शव बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमै राखिएको विक बताउनुहुन्छ ।

## सहकारी ठगीसम्बन्धमा निष्पक्ष छानबिन गर्न कांग्रेसको ध्यानाकर्षण

**रासस**
काठमाडौं, ५ चैत

प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सहकारी ठगीका सम्बन्धमा निष्पक्ष छानबिनको विश्वास दिलाउन सरकारसँग माग गरेको छ ।

बैठक आरम्भ हुनासाथ नेपाली कांग्रेसका सांसदहरु आफ्नो स्थानबाट उठेपछि सभामुख देवराज घिमिरेले सो पार्टीका महामन्त्री गगनकुमार थापालाई बोल्न समय दिनुभयो । महामन्त्री थापाले सहकारी ठगीलगायत विभिन्न भ्रष्टाचारका प्रकरणमा जस्तोसुकै ठूला व्यक्ति भए पनि निष्पक्ष अनुसन्धान भई कानुनी कारबाही हुनुपर्नेमा जोड दिनुभयो । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने सहकारीसम्बन्धी विवादमा मुछिनुभएकाले उहाँ पदमा रहन उपयुक्त नहुने थापाको भनाइ थियो । नेता थापाले उपप्रधानमन्त्री लामिछानेसमेत सूर्यदर्शन र सुप्रिम सहकारीको विवादमा तानिएकाले विवादको छानबिन नहुँदासम्म उहाँलाई मन्त्री बनाउन नहुने तर्क गर्नुभयो । "उहाँ दोषी हो/होइन हामीलाई थाहा छैन । भोलि छानबिनले प्रमाणित गर्ला तर जो आफैँ मुछिएको छ । उसले कसरी निष्पक्ष अनुसन्धान गर्छ भन्ने प्रश्न उठेको छ", उहाँले भन्नुभयो, "सहकारीबाट ठगिएकाहरुको पैसा फिर्ता गराउन हामीले सहज वातावरण गर्नुपर्छ । त्यो वातावरण बनाउनेबारे हामीलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को जवाफ चाहिएको छ ।" उहाँले सदन चलोस् भन्ने आफूहरुको चाहना भएको तर आफूहरुले उठाएको प्रश्नको जवाफ नआएकाले चिन्ता बढेको बताउँदै सुन तस्कारीका घटनामा शक्तिशाली नेताहरूलाई लुकाउने प्रपञ्च रहेछ भन्न यसअघिका प्रतिपक्षका आरोप सही नहोस् भन्ने पनि ध्यानाकर्षण गराउनुभयो । महामन्त्री थापाले बोलेपछि सभामुख घिमिरेले सदनमा उठेका विषयमा सरकारको ध्यानाकर्षण भएको होला भन्ने विश्वास व्यक्त गर्दै आफ्नो पनि ध्यानाकर्षण भएको बताउनुभयो ।

## भौतिक मन्त्रालयको समस्या समाधान गर्न मन्त्रालय रोजेः मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

गण्डकी प्रदेशका नवनियुक्त भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री राजीव गुरुङ (दीपक मनाङे) ले यस मन्त्रालयमा धेरै समस्या भएकोले त्यसको समाधान गर्न आफु यही मन्त्रालय रोजेको बताउनु भयो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मन्त्री पदमा नियुक्ति गरेसंगै सोमबार नै सथप ग्रहण गरे पछि पत्रकारसंग संक्षिप्त कुराकानी गर्दै मन्त्री गुरुङले उक्त कुरा बताउनु भयो ।

आफुलाई सुरुको ४/५ दिन समय मात्र दिएको खण्ड आफुले जनताको पैसा जनतासम्म पुर्याउने गरी काम गर्ने परिपाटी मिलाउने दाबी गर्दै भ्रष्टचार मात्र रोकेमा विकास आफैं हुने मन्त्री गुरुङले बताउनु भयो । ७० प्रतिशत बजेट भएको उक्त मन्त्रालयमा बढी भ्रष्टचार हुने गरेको जसलाई नियन्त्रण मात्र गर्न सके विकास हुने उहाँको भनाई थियो ।

यस अघि तीन पटक खेलकुद मन्त्री भएका मन्त्री गुरुङले आफुले यसपाली फुटवल खेल्दै सामाजिक कार्य गर्दै हिडेको अबस्थामा एकाएक राजनीतिक परिवर्तन भएकोले त्यसको सामना गर्न आफु वास्तविक राजनीति गर्न लागेको प्रष्ट पार्नु भयो ।



केन्द्रमा आएको सत्ता परिवर्तनले प्रदेश सरकारलाई समेत प्रभाव पार्ने देखेर र देशको विमस परिस्थितीमा मध्यावधिमा नजाओस भन्नको लागि पनि आफुले पहिला दिएको विश्वासको मत समेत फिर्ता नलिएको उहाँले जनाउनु भयो ।

ठेक्दारहरुले समयमै भुक्तानी नपाएर आत्म हत्या गर्न बाँकी रहेको बताउदै मन्त्री गुरुङले मन्त्रीहरुकै तजविजले अन्य जिल्लामा कम काम र हाम्रो जिल्लामा बढी काम गर्ने गरेको आरोप लगाउनु भयो । अब आफुले विनियोजित योजनाहरुको अनुमगन र नियमन गर्दै जाने मन्त्री गुरुङले बताउनु भयो । आफ्नो मन्त्रालयमा अर्को समस्या इन्जिनियरहरु रहेको दाबी गर्दै ईन्जिजिनीयरहरुले वदमासी गर्ने गरेको बैठकमा नआउने, एक तर्फ जानुपर्नेमा अर्को तर्फ जाने गरेको उहाँको आरोप थियो । गुरुङले आइतबार मात्रै नेकपा (एकीकृत समाजवादी)सँगको दलीय आबद्धता परित्याग गरी स्वतन्त्र हैसियतमा रहेको उद्धोष सहित प्रदेशसभा सचिवालयमा पत्र दर्ता गराउनु भएको थियो ।

सोमबार पुनः गठित मन्त्रिपरिषद्मा कृषि तथा भूमि व्यवस्था मन्त्री महेन्द्र ध्वज जिसीलाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको थप जिम्मेवारी दिइएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

यसअघि, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रीमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का रेशमबहादुर जुग्जाली र सामाजिक विकास मन्त्रीमा सुशीला सिम्खडा मन्त्री रहनु भएको थियो । अल्पमतमा परेको सरकारले यही चैत २२ सम्म विश्वासको मत लिनुपर्ने हुन्छ ।


## ५४ लाख बालबालिकाले दादुरा-रुबेलाविरुद्ध खोप लगाए

**रासस**
काठमाडौं, ५ चैत

सरकारले सञ्चालन गरेको दादुरा-रुबेलाविरुद्धको खोप अभियानमा करिब ५४ लाख ४२ हजार चार सय ६९ बालबालिकाले खोप लगाइसकेका छन् ।

बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले खोप अभियानमा करिब ९३ प्रतिशतले खोप लगाएको जानकारी दिनुभयो । गत फागुन १३ गतेदेखि दादुरा-रुबेलाको सङ्

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



# राष्ट्रिय माविको हीरक महोसत्व एक वर्षमा विभिन्न २२ कार्यक्रम सम्पन्न गरिने

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले महोत्सव वर्षभरि विभिन्न २२ कार्यक्रम गरि मनाउने भएको छ।

२० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक महोत्सव २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाईरहेको छ । यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ गरिएको थियो । एक वर्षमा गरिने २२ कार्यक्रम मध्ये विभिन्न १० कार्यक्रम सम्पन्न भएका छन् भने अन्य १२ कार्यक्रम आउदो २० मंसिरभित्र सम्पन्न गरिने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणाले जानकारी दिए।

महोत्सव अर्न्तगत प्रभातफेरि, विद्यालयका संस्थापक र जग्गा दातालाई सम्मान, खेलकुद सप्ताह, योग तथा जुम्बा, खुल्ला रक्तदान, संस्थापक सेक्रेटरी ऋषिकेशव पराजुलीको नामक पुस्तक विमोचन, स्वास्थ्य शिविर, पत्रकार भेटघाट, एचआइभी एड्स सम्बन्धि सचेतना मुलक



प्रतिवद्धता र लक्ष्मी फिल्म प्रदर्शन, बृहत सरसफाई कार्यक्रम सम्पन्न भै सकेका मुल आयोजक समितिका उपाध्यक्ष शिवप्रसाद पराजुलीले जानकारी दिए। अव विद्यालयले ८ वैशाखमा वृहत पुनर्मिलन समारोह, वैशाख अन्तिम साता विद्यार्थीहरु बिचमा म्याराथन, जेठ दोस्रो साता जिल्ला स्तरीय बुद्धिचाल प्रतियोगिता, असार दोस्रो साता अन्तर विद्यालय चित्रकला प्रतियोगिता, साउन दोस्रो साता अन्तर विद्यालय निवन्ध लेखन प्रतियागिता, भदौ पहिलो साता शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदाय तथा सरोकारवालाहरुको विचमा शैक्षिक संवाद, भदौ तेस्रो साता अन्तर विद्यालय कविता प्रतियोगिता, असोज पहिलो साता अन्तर विद्यालय जिल्ला स्तरीय भलिबल प्रतियोगिता, कार्तिक पहिलो साता पुर्व विद्यार्थी/शिक्षक, वर्तमान विद्यार्थी/शिक्षक/कर्मचारी तथा सरोकारवालाहरुका विचमा शुभकामना आदान प्रदान कार्यक्रम, कात्तिक दोस्रो साता चन्दादाता, विशिष्ट योगदान गर्नुहुने महानुभावहरुलाई सम्मान तथा अभिनन्दन, १७ मंसिरमा विज्ञान प्रर्दशनी र २० मंसिर २०८१ मा स्मारिकका विमाचन सगै हीरक महोत्सव समापन गरिने विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाले जानकारी दिए । एक हजार आठ सय जना सहभागि हुने हीरक महोत्सव अर्न्तगत ८ बैशाखमा विद्यायलमा पुर्नमिलन कार्यक्रम हुने भएको छ । हीरक महोत्सव वृहत पुनर्मिलन कार्यक्रमका संयोजक वसन्तराज अधिकारीका अनुसार कार्यक्रममा विद्यालयको स्थापनाकालदेखि हालसम्म अध्ययन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरुहरुको सहभागिता रहनेछ । कार्यक्रममा एक हजार आठ सय जनाको सहभागिता रहने अधिकारीले जानकारी दिए । परिचय सगै अनुभव आदान प्रदान गर्ने उदेश्यले पुनमिलन समारोह आयोजना गर्न लागिएको उनले जानकारी दिए । संयोजक अधिकारीका अनुसार आफू पढेको विद्यालय प्रतिको भावनात्मक सम्बन्ध प्रगाढ बनाउन, परिचय तथा बन्धुत्व अभिवृद्धि, तथ्यांक अध्यावधिक, भौतिक संरचनाहरुको अवस्था जानकारीसहित आर्थिक स्रोत जुटाउने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि राय सुझाव संकलन, विद्यालयको सतबार्षिकी कार्यक्रमका लागि संकल्प प्रस्ताव तयार गर्ने, स्मारिकका प्रकाशन गर्नका लागि लेख रचना उपलब्ध गराउन र राष्ट्रिय गान भने झै विद्यालयको गान रचना गरी सहभागीहरुले उपलब्ध गराउने उदेश्य पुनर्मिलन कार्यक्रमको रहेको छ। कार्यक्रम सम्पन्न गर्न विभिन्न १० वटा उपसमितिहरु समेत गठन गरिएको छ । कार्यक्रम सम्पन्न गर्न करिव १४ लाख खर्च लागने र लागने खर्च पुर्व विद्यार्थी एव सहयोगदाताहरुबाट उपलब्ध हुने उपसमितिको सह संयोजकमा माया सिग्देल पराजुलीले जानकारी दिईन । हीरक महोत्सवको अवसरमा विद्यालय परिसरमा विद्यालयको मुल प्रवेशद्वार निर्माण, विद्यालय मञ्च, हीरक स्मारक स्तम्भ, प्रशासनिक भवन निर्माण, शौचालय र ई-लाईब्रेरी निर्माण जस्ता भौतिक निर्माण योजनाहरु समेत अघि सारिएको विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष एंव हिरक महोत्सव प्रचार प्रसार उपसमितिका सहसंयोजक रमेश प्रसाद पौडेलले जानकारी दिए।

# आर्दश टोल सुधार समिति बैदाममा: सोमनाथ अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

आर्दश टोल विकास सस्था पोखरा महानगर पालिका वडा न ६ बैदामको अध्यक्षमा सोमनाथ अधिकारी चयन भएका छन।

संस्थाको शनिबार पुनर गठित प्रथम अधिबेशन तथा दोस्रो साधारणसभाले अधिकारीको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतिले चयन गरको हो। सस्थाको उपाध्यसक्षमा कृष्ण प्रसाद पौडेल चयन भएका छन् । यस्तै सचिवमा कबिता अर्याल गौतम, कोषाध्यक्षमा सुरज श्रेष्ठ, ससचिबमा मैना देवी रावत लम्साल, चुनिएकी छन् । यस्तै सदस्यहरुमा विर बहादुर सुनार, सन्देश गौतम, पुरुषोतम न्यौपाने, गौमति थापा, राम बहादुर सुनार, दुर्गा पहारी, इन्द्र बहादुर नौमाग, रजनि परियार, उषा गुरुङ, बाबुकाजी श्रेष्ठ र बुद्दि बहादुर क्षेत्रि चयन भएका छन । निर्वाचित समितिको कार्यकाल दुई वर्षको हुनेछ । निर्वाचन अघी भएको संस्थाको अधिबेशनमा उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगर पालिका वडा न ६का टोल समन्वय समितिका



संयोजक गिरीराज अधिकारीले वडा न ६ रहेको २७ वटा टोल विकास संस्थाहरु मध्य आर्दश टोल सुधार संस्था अरु भन्दा पृथक रहेको बताउनु भयो । संस्थाले समाज रहेका विकृति विसंगतिलाई न्युनिकरण गर्दै जनचेतना फैलाउन सहयोग गरेको र आफ्नो क्षेत्रमा फोहोर मैला ब्यवस्थापनमा समेत योगदान रहेको प्रस्टाए । पोखरा महानगर पालिका वडा नं ६का वडा सदस्य बासु बरालले उनले सस्थाले समाजमा रहेको विकृति विसंगति सहित अन्धविकासको बारेका जनचेतना फैलाउन आग्रह गरे । समितिमा सदस्य विर बहादुर विश्वकर्माले सदस्यहरुको क्षमता विकास गर्ने तालिम र अभिमुखीकरण जस्ता कार्यक्रमहरु ल्याउन नवगठित समितिलाई आग्रह गरे।

नव निर्वाचित अध्यक्ष अधिकारीले अगामि दिनहरुमा सदस्यहरुको आर्थिक स्तर सुर्धान वडा कार्यलय सगँ समन्वय गरेर सिलाइ कटाइ, सिङ्के धुप र मैनबत्ती बनाउने तालिमहरुको आयोजना आउँदा दिनहरुमा गर्ने प्रतिबद्धता ब्यक्त गरे। अध्यक्ष धर्म बहादुर सुनार सभाअध्यक्षतामा भएको कार्यक्रममा सदस्य सन्दिप विश्वकर्मा लगाएतका बक्ताहरुले संस्थाले समाजमा पुर्‍याएको योगदानको बारेमा चर्चा गर्दै, सदस्यहरुको क्षमता अभिवृद्धि देखी आर्थिक स्तरमा वृद्धि हुने खालका कार्यक्रम ल्याउन आयोजकलाई सुझाब दिएका थिए।

# पोखरामा एसिया तथा दक्षिण एसिया ट्रायथलन च्याम्पियसिप हुने

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

पर्यटनको राजधानी पोखरामा एसिया ट्रायथलन कप र दक्षिण एसिया ट्रायथलन च्याम्पियसिप हुने भएको छ। एसिया ट्रायथलन कप र दक्षिण एसिया ट्रायथलन च्याम्पियसिप आगामी वैशाख १५ र १६ गते पोखरामा हुने भएको नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले बताउनुभयो।

नेपाल ट्रायथलन संघले गण्डकी प्रदेश ट्रायथलन संघ र कास्की जिल्ला ट्रायथलन संघसँगको सहकार्यमा आइतबार साँझ पोखरामा आयोजना गरेको 'ट्रायथलन फेमिलियराइजेसन' कार्यक्रमको सन्दर्भमा अध्यक्ष श्रेष्ठले उक्त कुरा बताउदै अब यसको अपनत्व पोखराले लिनुपर्नेमा जोड दिनु भयो। उक्त खेलको प्रबर्द्धन गर्न संघले पोखरामा आउदो वैशाख ८ र ९ गते लेवल वान कोर्षको प्रशिक्षण हुने भएको उहाँले जनाउनु भयो। पोखरामा हुने उक्त कार्यक्रम स्थानियले यसबाट धेरै फाइदा लिन सकुन भन्ने हेतुले प्रतियोगिताको पूर्व अवसरमा छलफल गरिएको संघले जनाएको छ। संघका गण्डकी प्रदेशका अध्यक्ष डिल्लीराज सुवेदी(शिशिर) लाई उक्त प्रतियोगिताको संयोजकको समेत भूमिका दिएको छ । कार्यक्रममा संघका महासचिव तथा प्रशिक्षक युवराज सुनारले उक्त खेलको प्राविधिक बिषयमा जानकारी गराउनु भएको थियो । ट्रायथलन कास्की जिल्लाका अध्यक्ष प्रमेश पराजुलीले यस खेलले पोखराको खेल पर्यटनमा प्रबर्द्धन गर्ने दाबी गर्नुभयो।

# मुलुकमा वैदेशिक हस्तक्षेप समाप्त भएको छैन : महासचिव गुरुङ

पोखरापत्र संवाददाता
तनहुँ ५ चैत

नेपाली कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले नेपालमा अझै वैदेशिक हस्तक्षेप समाप्त नभएको बताउनुभएको छ।

गोरखाको गण्डकी गाउँपालिका-१ बुटारमा जनसांस्कृतिक महासङ्घको केन्द्रीय समितिले आयोजना गरेको सांस्कृतिक प्रतिरोध दिवस तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महासचिव गुरुङले सबैको त्याग र बलिदानपश्चात् सामन्तवादको अन्त्य भए पनि देशमा अझै वैदेशिक उत्पीडन, वैदेशिक शोषण र हस्तक्षेपको अन्त्य नभएको बताउनुभएको हो । महासचिव गुरुङले भन्नुभयो, "मुलुकमा १० वर्षे जनयुद्धपछि जुन परिवर्तन भएको छ सबैको त्याग र बलिदानका कारण भएको हो, सहिदहरूले लिएको सपना, सहिदहरूले लिएको उद्देश्य सामन्तवादलाई विस्थापित गर्नु मात्र होइन, वैदेशिक उत्पीडनलाई पनि विस्थापित गर्नु र जनताको बास, गाँस र कपासको 'ग्यारेन्टी' गर्नु हो, जसका लागि समाजवादी क्रान्ति आवश्यक छ, एउटै मात्र उद्देश्य पूरा भएको छ सामन्तवादको नेतृत्व गरेको राजतन्त्र विस्थापित भएको छ तर वैदेशिक हस्तक्षेप विस्थापित भएको छैन।" देशमा अझै बहुराष्ट्रिय कम्पनीको प्रभुत्व कायम रहेको र देश आत्मनिर्भरताको दिशातर्फ जान नसकेको उहाँको भनाइ छ।

जनसांस्कृतिक महासङ्घका इन्चार्ज ईश्वरचन्द्र ज्ञवालीले सर्वहारा, श्रमिक-उत्पीडित वर्ग र देशको मुक्तिका लागि सर्वहारा, श्रमिक-उत्पीडित वर्ग र देशको मुक्तिका लागि हातमा सारङ्गी, मादल, गितार र हार्मोनियम लिएर जनताका बस्तीलाई जगाउँदै हिँड्दा सहिद बन्नुभएका संस्कृतिकर्मीहरूको सपना पूरा गर्न सङ्कल्प गर्न यो दिवस मनाउने गरिएको उहाँले बताउनुभयो। सहिदको सपना पूरा नभएसम्म अभियान जारी रहने उहाँको भनाइ छ । कार्यक्रममा जनयुद्धका सहिद परिवार तथा स्रष्टालाई सम्मान गरिएको थियो।

## ५४ लाख ...

क्रमणको जोखिमलाई मध्यनजर गर्दै सरकारले पश्चिमरुकुम र जाजरकोटबाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको छ । ती जिल्लाका कूल ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिकालाई खोप लगाउने लक्ष्य राखिएको छ। उहाँले यही चैत ७ गतेसम्म सबै लक्ष्य हासिल गर्नेसमेत बताउनुभयो । "हामीले सोचेजस्तो नै सबै बालबालिकाले खोप लगाएका छन्", उहाँले भन्नुभयो, "हामीले निर्धारण गरेको लक्ष्यअनुसार सबै बालबालिकाले खोप लगाउँछन् ।" दादुरा-रुबेलाको अतिसङ्क्रमित भारतसँग सीमा जोडिएका २१ तथा काठमाडौँ उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका र ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप लगाइँदैछ । खोप बिहान १० देखि अपराह्न ४ बजेसम्म बालबालिकालाई विद्यालय तथा खोपकेन्द्रमा लगाइएको छ। खोप अभियानका लागि देशभरि ४८ हजार सात सय ९८ खोपकेन्द्र रहेका छन् । यस्तै ४९ हजार नौ सय ३७ स्वास्थ्यकर्मी र ५९ हजार नौ सय छ स्वयंसेवक परिचालन गरिएको छ।


**उपभोक्ताप्रति सचेत बनौं**

◆ खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
◆ अनुचित व्यापारिक क्रियाकलाप गर्न,
◆ वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
◆ एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
◆ एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
◆ अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
◆ मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौ।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# सुन तस्करीको अनुसन्धानमा ठूला माछा

पूर्वसभामुख कृष्ण बहादुर महरालाई सुन तस्करी प्रकरणको अनुसन्धानका लागि प्रहरीले पक्राउ गरेको छ । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सत्तारूढ माओवादी केन्द्रका उपाध्यक्ष रहेका महरामाथि अनुसन्धान सुरु गरेको छ। सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोगले महारालाई सुन तस्करीमा दोषी ठहर गरेर मुद्दा चलाउन सिफारिस गरेको थियो । आयोगको प्रतिवेदनको आधारमा नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष समेत रहेका महरामाथि अनुसन्धान गरेर 'पूरक प्रतिवेदन' जिल्ला सरकारी वकिल कार्यालयमा पेस गर्ने भएको छ ।

भेप प्रकरणमा थप अनुसन्धान गर्न प्रहरीले सोमबार नै महरालाई अदालत उपस्थित गराएको थियो । हिरासतमा राखेर अनुसन्धान गर्नका लागी म्याद लिन काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको थियो । काठमाडौं जिल्ला अदालतले ४ दिन थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको छ । इलेक्ट्रिक चुरोट 'भेप'मा लुकाएर सुन तस्करी गरेको घटनामा पूर्व सभामुख कृष्ण बहादुर महराको 'कनेक्सन' देखिएको छ । भेप प्रकरणमा यसअघि प्रहरीले सङ्गठित सुन तस्करी गरेको कसुरमा अनुसन्धान गरेको थियो ।

भेप प्रकरणमा महरालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गर्नुपर्ने सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोगको निष्कर्ष छ । महराका छोरा राहुल सो मुद्दामा अहिले पनि थुनामा छन् । २०७९ पुस १० मा चिनियाँ नागरिक ली हासोङले इलेक्ट्रिक चुरोट 'भेप'मा लुकाएर सुन ल्याएका हुन् । हासोङले दुबईबाट ल्याएको ७३० वटा भेप त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले जफत गरेपछि कृष्ण बहादुर महरा र उनको पुत्र राहुलले छुटाउन भूमिका खेलेको समाचार सार्वजनिक भएका छन । सुन ल्याउने समूहसँग कृष्ण बहादुर महराको कनेक्सन देखिएको छ । सुन छुटाउन चिनियाँ तस्कर दाओजिन वाङले पूर्व सभामुख कृष्ण बहादुर महरालाई गुहारेको सीआईबीले गरेको अनुसन्धानबाट थाहा भएको छ। सुन ल्याउने चिनियाँ नागरिक लुई र दाओजिन वाङसँग राहुलको पनि 'कनेक्सन' देखिएको अनुसन्धानमा खटिएकाले जनाएका छन ।

भेपमा सुन ल्याउने समूहका आसिन पेङ र दाओजिन वाङ ६० किलो सुन तस्करीमा पनि संलग्न देखिएका छन् । सुन ल्याउने समूहका आसिन, दाओजिन वाङ र लि हासोङ तीनैजना फरार छन् । संसदमा विपक्षी नेकपा एमालेले छानबिन समिति बनाउन दबाब दिएको थियो ।एमालेको दबाबमा आयोग बनेको हुँदा कार्यान्वयन हुनेमा आशंका थियो । गृहमन्त्री रवि लामिछानेले अनुसन्धानका लागि चासो दिएका कारण ठूलाठूला माछा पक्राउ पर्न थालेका छन ।

भेपमा सुन भएको थाहा पाएपछि विमानस्थलका नासु रेवन्त खड्काले अर्को समूहसँग मिलेर गोदामबाट चोरेर बेचे । भेप प्रकरणबारे महरा र उनका छोराले अनावश्यक चासो राखेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन भन्सार प्रमुख अरुण पोखरेलले त्यसबारे प्रारम्भिक अनुसन्धान गरेर थप अनुसन्धानका लागी सीआईबीलाई पत्राचार गरेका थिए । भेप प्रकरणमा सीआईबीले जीवन कुमार गुरुङसँग बयान लिएको थियो । गुरुङ प्लाटिनम कलेजका सीई हुन् । दाओजिन वाङ ६० कि वाङसँगको कनेक्सनको आधारमा उनीविरुद्ध ६० किलो सुनमा पनि अनुसन्धान गर्न सकिने आधार भएको छापटकपटक भएका काण्डमा महराको नाम आउनु राजनीतिज्ञ र कार्यकर्ताका लागि राम्रो होइन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीमा आठ सय ६५ भूमिहीन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ चैत

म्याग्दीमा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सकिएको छ । दुई वर्ष समय खर्चिएर लगत सङ्कलन गरेको राष्ट्रिय भूमि आयोग म्याग्दीले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

समितिले हालसम्म एक नगरपालिका र पाँच गाउँपालिकामा आठ सय ६५ जनाको निवेदन सङ्कलन गरेको छ। बेनी नगरपालिकामा सबैभन्दा धेरै तीन सय चार जनाले निवेदन दिएको समितिका सदस्य सचिव तुलसीप्रसाद पौडेलले जानकारी दिनुभयो ।साथै अन्नपूर्ण गाउँपालिकामा एक सय ३४, मङ्गला गाउँपालिकामा एक सय १५, धौलागिरि गाउँपालिकामा ६३ र रघुगङ्गा गाउँपालिकामा ३३ जनाले जग्गा प्राप्तिका लागि निवेदन दिएको आयोगको भनाइ छ । स्थानीयतहले सार्वजनिक सूचना जारी गरी सङ्कलन गरेको निवदेनलाई राष्ट्रिय भूमि आयोगको प्रणालीमा प्रविष्ट गर्ने काम भइरहेको सदस्य सचिव पौडेलले बताउनुभयो ।

"अन्नपूर्ण र मङ्गला गाउँपालिकाले पहिलो चरणको काम सकेर निवेदकको विवरणमा दाबी विरोधको प्रक्रिया अगाडि बढाएको छ भने अन्य पालिकामा प्राप्त कतिपय निवेदनमा कागजात नपुगेकाले काम अघि बढेको छैन", सदस्य सचिव पौडेलले भन्नुभयो, "स्थानीयतहले जति छिटो प्रक्रिया अघि बढाउँछन, त्यति छिटो काम टुङ्गोमा पुऱ्याउन सकिन्छ ।"

जिल्लामा हालसम्म तथ्याङ्क सङ्कलनमै धेरै समय बितेको र स्थानीयतहलाई आवश्यक प्रक्रिया अघि बढाउन अनुरोध गरिएको आयोगका जिल्ला अध्यक्ष देवेन्द्र कामीले बताउनुभयो । "अहिलेसम्म एउटा पनि निस्सा वितरण हुनसकेको छैन, पालिकाहरुले गर्ने प्रक्रिया पूरा गरेपछि हामी थप काम अघि बढाउछौँ", उहाँले भन्नुभयो ।

जिल्लामा विसं २०४८ मा आयोग गठन भएपनि सुकुम्बासीको समस्या हालसम्म समाधान भएको छैन । नेपाल सरकारले गठन गरेका आयोग, समिति र कार्यदलबाट जग्गाको स्वामित्व दर्ता श्रेस्ता दिने सूचनाअनुसार दुई सय ४१ निवेदन प्राप्त भएका छन् । त्यसमध्ये बेनी नगरपालिकामा ६४ र अन्नपूर्ण गाउँपालिकामा एक सय ७७ निवेदन परेका छन् ।

# 'क्यूआर कोड'मार्फत पर्यटकीय गन्तव्यको जानकारी

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ चैत

बागलुङ नगरपालिकाले नगरभित्रका ११ धार्मिक तथा पर्यटकीय गन्तव्यको जानकारी 'क्यूआर कोड' (विस्तृत रूपमा प्रतिक्रिया दिने) मार्फत दिन थालेको छ ।

नगरपालिकाले बागलुङको प्रसिद्ध कालिका मन्दिर, पञ्चकोटदेखि भकुण्डेको बराह तालसहित ११ पर्यटकीय गन्तव्यको जानकारी डिजिटल माध्यममार्फत दिन थालेको हो ।

नगरपालिकाको नक्सामा ती गन्तव्यको पूर्ण जानकारी अङ्ग्रेजी र नेपाली दुवै माध्यमबाट पढ्न र सुन्न सक्ने व्यवस्था सहित क्यूआर कोड निर्माण गरेको नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । उहाँका 'क्यूआर हेरिटेज म्यापीङ तथा स्टोरी टेलिङ' गर्ने व्यवस्था मिलाइएको छ । उक्त क्युआर कोड पर्यटकीय स्थलमा टाँस गर्ने र उक्त स्थानको विषयमा डिजिटल माध्यमबाट अध्ययन गर्न सकिने उहाँको भनाइ छ ।

"थुप्रै पर्यटकीयस्थल बागलुङ नगरपालिका भित्र छन् । जसमध्ये नगरपालिकाले पहिलो चरणमा ११ गन्तव्यको विषयमा जानकारी दिन डिजिटल माध्यमबाट व्यवस्था मिलाएका छौँ" ,उपप्रमुख खड्काले भन्नुभयो, "घुम्न आएका पर्यटकहरु उक्त गन्तव्यको विषयमा अनविज्ञ भइरहेको सन्दर्भमा तत्कालीन पर्यटकीयस्थलमा टाँसिएको क्यूआर कोड स्क्यान गरी जानकारी लिन सक्नेछन् ।"

यस कार्यले धार्मिक तथा पर्यटकीय गन्तव्यको महिमा थप उजागर हुने उहाँको भनाइ छ । ती धार्मिक स्थलमा पुग्नुभन्दा पहिला ती स्थानको नक्सा र अन्य विवरण घरबाटै जानकारी लिन सक्ने खड्काले बताउनुभयो । नगरपालिकाले पर्यटन शीर्षकमा विनियोजन गरेको रू तीन लाख बजेटमध्ये सारङ्ग डट कमको सहकार्यमा पर्यटकीय स्थलको जानकारी डिजिटल माध्यमबाट दिन थालिएको हो । नगरपालिकाले आगामी वर्ष थप प्राथमिकताका आधारमा पर्यटकीय गन्तव्यको क्यूआर कोड बनाउँदै लैजाने जनाएको छ । उक्त कार्यले धार्मिक तथा ऐतिहासिक महत्वको उजागरमा थप सहयोग पुग्ने बताइएको छ । अङ्ग्रेजीमासमेत अनुवाद गरिएकाले पर्यटकीय स्थानको विषयमा विदेशी पर्यटकलाई समेत सहज हुने नगरप्रमुख वसन्त कुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार नगरपालिकाले कालिका मन्दिरमा क्यूआर कोड टाँसेर पर्यटकीयस्थलको आधुनिक जानकारी दिने तयारी थालेको छ । "हरेक कुरा डिजिटल बन्न आवश्यक छ, पर्यटकीय स्थलमा किन आउने भन्ने जानकारी पर्यटकलाई समेत हुन आवश्यक छ । उक्त क्यूआर स्क्यान प्रत्येक होटल तथा पर्यटन व्यवसायीले राख्नुपर्ने व्यवस्था गरेका छौँ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "पर्यटकले महत्वका आधारमा आफैँ अध्ययन गरेर भ्रमणमा जान सक्नेछन् ।"

नगरपालिकाले धार्मिक तथा पर्यटकीय गन्तव्यमा कालिका मन्दिर, बागलुङ-६ स्थित सर्वसिद्धिधाम पञ्चकोट, मालिका, बागलुङ-८ सिँगानाको कोत घर, बागलुङ-११ को रायडाँडाको बौद्ध गुम्बा, पर्यटकीय गाउँ भुकुण्डेको बराह ताल, कुडुँलेको शालग्राम सङ्ग्रहालय, बलेवा भैरवस्थान मन्दिर, मालढुङ्गाको कृष्ण गण्डकी परियोजना, उपल्लाचौरको गौरिधाम शिव मन्दिर र तित्याङको मनकामना मन्दिरको जानकारी डिजिटल माध्यमबाट अध्ययन गर्न सकिने व्यवस्था मिलाएको जनाएको छ।

# सेती नदी किनारमा खुला व्यायामशाला निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, ५ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित सेती नदी किनारमा खुला व्यायामशाला निर्माण गरिएको छ। नगरपालिकाको आर्थिक सहयोग र शुक्ला नागढुङ्गा शवदाह गृहको साझेदारीमा सेती नदी किनारमा खुला व्यायामशाला निर्माण गरिएको हो ।

शारीरिक स्फूर्तिका लागि व्यायाम आवश्यक भएकाले खुला व्यायामशाला निर्माण गरिएको वडाध्यक्ष दीर्घबहादुर थापाले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार उक्त व्यायामशालामा नगरवासीले निःशुल्क प्रयोग गर्न सक्नेछन् ।

वडाध्यक्ष थापाले भन्नुभयो, "नगरमा खुला व्यायामशालाको आवश्यकता थियो, त्यसका लागि कहाँ बनाउने भन्ने छलफलपछि यो ठाउँ उपयुक्त देखियो ।" उहाँका अनुसार व्यायामशालामा बालबालिका, युवा र वृद्ध सबैखालका मानिसलाई उपयुक्त हुनेगरी संरचना बनाइएको छ । 'मर्निङ वाक' र अवलोकनका लागि पुगेका सर्वसाधारणले व्यायामशालामा विभिन्न खेल तथा व्यायामका कार्यमा सहभागी हुनसक्ने शवदाह गृहका अध्यक्ष बाबुराम कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "व्यायाम गर्नाले मानिसलाई स्फूर्ति राख्न सहयोग पुऱ्याउँछ। यसको उपयोगका लागि सबैलाई आह्वान गरेका छौँ ।" जिम हाउसमा पैसा तिर्नपर्ने भन्दै खुला व्यायामशाला निःशुल्क प्रयोग गर्न सकिने भएकाले पछिल्लो समय यहाँ आउनेको सङ्ख्या बढ्न थालेको कार्कीले बताउनुभयो । विस्तारै यस ठाउँप्रति सबैको आकर्षण बढ्ने उहाँको विश्वास छ । उहाँले भन्नुभयो, "आमनागरिकलाई स्वास्थ्यप्रति सचेतना दिलाउन तथा व्यायामशालालाई सहयोगी बनाउन अन्य आकर्षित योजना पनि बनाएर अगाडि बढ्ने छौँ ।"

व्यायामशालाको छेउमा शुक्लापार्क रहेकाले यस ठाउँ आन्तरिक पर्यटकका दृष्टिले पनि उपयुक्त हुने कार्कीको भनाइ छ । सेती नदी किनारमै ढुङ्गाबाट शिवको मूर्ति बनाइएको छ । धार्मिक तथा पर्यटकीय हिसाबले पनि यो ठाउँ उपयुक्त रहेको उहाँले बताउनुभयो ।

उक्त व्यायामशालामा विभिन्न किसिमका व्यायाम गर्न सकिने १२ उपकरण जडान गरिएको शवदाह गृहका सचिव हरिराज अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार रू १० लाखको लागतमा व्यायामशाला निर्माण गरिएको हो । शुक्लागण्डकी नगरपालिकाले रू आठ लाख सहयोग गरेको भन्दै गृहका तर्फबाट रू दुई लाख लगानी भएको उहाँको भनाइ छ । शवदाह गृह उपभोक्ता समितिले पछिल्लो पाँच वर्षमा यस ठाउँको स्वरुप परिवर्तन गरेको छ । यस ठाउँलाई धार्मिक तथा पर्यटकीय गन्तव्यस्थल बनाउन गुरुयोजना बनाइएको छ । गुरुयोजनामा फनपार्क निर्माणको लक्ष्यसमेत समेटिएको सचिव अधिकारीले जानकारी दिनुभयो ।

आँबुखैरेनी गाउँपालिकाले पनि खुला व्यायामशाला निर्माण गरी सञ्चालनमा ल्याएको छ। गाउँपालिकाले वडा नं १ स्थित गुम्बा बगैँचामा खुला व्यायामशाला निर्माण गरेको हो । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पालिकावासीलाई स्वस्थ राख्न सहयोग पुऱ्याउने उद्देश्यले खुल्ला व्यायामशालाको अवधारणा ल्याइएको बताउनुभयो । उहाँका अनुसार रू १० लाखको लागतमा व्यायामशाला निर्माण गरिएको हो । "व्यायाम गर्नका लागि जिम जान धेरैलाई समस्या हुने भएकाले खुलारुपमा व्यायाम गर्ने सामग्री राखेका छौँ", अध्यक्ष चुमानले भन्नुभयो, "यस व्यवस्थाले स्नानीयलाई स्वस्थ राख्न केही मद्दत गर्ने विश्वास लिएका छौँ ।" उहाँका अनुसार यस ठाउँबाट एक पटकमा १२ जनाले व्यायाम गर्न सक्नेछन् । अरुबेला पनि बिहानको समयमा हिँडडुल गर्ने यस ठाउँमा सात किसिमका व्यायामका उपकरण राखिएको अध्यक्ष चुमानले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ राती खहरे पार्कमा तथा वडा कार्यालय परिसरमा खुल्ला व्यामशाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः राती खहरे पार्कमा तथा वडा कार्यालय परिसरमा खुल्ला व्यामशाला निर्माण

ठेगानाः पोखरा-१५

योजना शुरु मितिः २०८०/११/१ गते

योजना सम्पन्न भएको मितिः २०८०/११/०५ गते

योजना सम्पन्न हुने मितिः २०८१/०१/२५ गते

योजनाको कुल लागतः रु. १०,०३,२२०/-

महानगरपालिकाबाटः रु. १०,००,०००/-

अध्यक्षः बुद्धि बहादुर बानियाँ मो. ९८४६३९९०९१

सचिवः रविन्द्र पौडेल कोषाध्यक्षः दुर्गा कुमारी मल्ल

सदस्यः अंकित के.सी., बिनु बुढाथोकी बानियाँ

**राती खहरे पार्कमा तथा वडा कार्यालय परिसरमा खुल्ला व्यामशाला निर्माण उपभोक्ता समिति पोखरा-१५**


# बागलुङमा 'स्वस्थ प्रहरी, अध्ययनशील प्रहरी' अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

जिल्ला प्रहरी कार्यालय बागलुङले 'स्वस्थ प्रहरी, अध्ययनशील प्रहरी' अभियान थालेको छ । उक्त कार्यालयले प्रहरीलाई नियमित रूपमा व्यायाम र अध्ययन गर्ने व्यवस्था मिलाएको छ ।

प्रहरीलाई अध्ययनशील बनाउन अनिवार्य कानुन र प्रहरीसँग सम्बन्धित विषयको अध्ययन गर्नुपर्ने व्यवस्थासहित सम्बन्धित विधाका पुस्तक प्रत्येक प्रहरी एकाइमा पठाउन थालिएको छ । नेपाल प्रहरीलाई 'स्वस्थ प्रहरी, अध्ययनशील प्रहरी बनाउने अभियान बागलुङमा थालिएको बागलुङका प्रहरी उपरीक्षक ऋषिराम कँडेलले बताउनुभयो । उहाँका अनुसार प्रहरी कर्मचारीले खानपान र ऐसआरामको जीवनशैली अपनाउनथालेकाकारणउनीहरू अस्वस्थ बन्दै गएका र कार्यसम्पादन अपेक्षित रूपमा हुन नसकेकाले प्रहरीलाई अनिवार्य शारीरिक व्यायाम गर्नुपर्ने नियम बनाइएको छ ।

जिल्ला मातहतमा रहेका प्रहरी एकाइले व्यायाम गरेनगरेको 'भिडियो' दैनिक जिल्ला प्रहरी कार्यालयको 'कन्ट्रोल रुम'लाई पठाउनुपर्ने छ । उहाँले भन्नुभयो, "प्रहरी शारीरिक रूपमा फुर्तिलो हुनैपर्छ तर पछिल्लो समय खानपान र जीवनशैलीका कारण प्रहरी आवश्यकताभन्दा बढी मोटाउन थालेपछि व्यायामलाई अनियवार्य गरिएको हो ।"

जिल्ला प्रहरी कार्यालयले प्रविधिमा पनि प्रहरीलाई जोड्न थालेको छ । कार्यालयले तीन अभियानलाई एकसाथ अगाडि बढाएको प्रहरी उपरीक्षक कँडेलले बताउनुभयो । उहाँका अनुसार शारीरिक र मानसिकरुपमा स्वस्थ्य प्रहरी, अध्ययनशील प्रहरी र प्रविधिमैत्री प्रहरी अभियानलाई सञ्चालनमा ल्याइएको हो । उहाँले भन्नुभयो," हाल सम्मको अनुभवले प्रहरीबाट भएका त्रुटि अज्ञानताका कारण भएको पाइएको छ, प्रहरी अधिकृत सबै स्थानमा पुग्दैन फरक-फरक रहन-सहन र सामाजिक सद्भावबाट आएका हुन्छन्, कम्तीमा प्रहरीले कुन अवस्थामा के गर्नुपर्छ भन्ने ज्ञान हुनुपर्दछ, नागरिकमैत्री प्रहरीको आवश्यकता छ ।" जिल्ला प्रहरी कार्यालय बागलुङमा खटिएका सबै प्रहरीलाई प्रविधिमा जोड्ने र घटना भएको स्थान तत्कालै पत्ता लगाउने 'लोकेसन ट्र्याप'को व्यवस्था मिलाइएको छभने प्रहरी कार्यालयका सबै संरचनालाई 'डिजिटल' बनाउने अभियान थालिएको छ । जिल्लामा ५८१ प्रहरी दरबन्दी रहेकामा ४३८ कार्यरत रहेका छन् ।


## नागरिकता हरायो

**मेरो निम्न व्यहोरा भएको नागरिकता नयाँबजारबाट राष्ट्र बैंकचोक जाँदा हराएको हुँदा फेला पार्नुहने महानुभावले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नाम : आसा गुरुङ**

**ठेगाना : पोखरा–९, नयाँबजार**

**ना.प्र.नं : १४४०**

**सम्पर्क नं.: ९८४६५८५६३१**

